## मिति २०८०/०४/०२ गते मंगलबार १४३औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा।
२. रासी आँखा अस्पतालसँगको सम्झौता सम्बन्धमा।
३. करारसेवा म्याद थप सम्बन्धमा।
४. कोशेली घर संचालन सम्बन्धमा।
५. लखनपार्क संचालन सम्बन्धमा।
६. कम्प्याक्टर हस्तान्तरण सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकामा नेपाल नेत्रज्योति संघ, राप्ती आँखा अस्पताल तुलसीपुर रक्षाचौरले यस कार्यालयमा पेश गरेको प्रस्ताव उज्यालो कार्यक्रम अन्तर्गत मोतिबिन्दुको शल्यक्रिया कार्यक्रम संचालनका लागि सम्पूर्ण प्राविधिक सहयोग राप्ती आँखा अस्पताल तुलसीपुरले गर्ने र प्रति मोतिबिन्दु शल्यक्रिया वापत रु. ८,०००।– (आठ हजार मात्र) घोराही उपमहानगरपालिकाले व्यहोर्ने गरी राप्ती आँखा अस्पताल तुलसीपुरसँग सम्झौता गर्ने ।

**निर्णय नं. ३**

३.१ घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत प्रेस संयोजक १ जना, कानूनी सल्लाहकार १ जना, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत कार्यरत सूचना प्रविधि अधिकृत १ जना, गरिबसँग विश्वश्वर कार्यक्रम अन्तर्गत कार्यरत २ जना, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ जना, लघुउद्यम विकास कार्यक्रम अन्तर्गत २ जना, एक वडा एक प्राविधिक कार्यक्रम अन्तर्गत कृषि तथा पशुसेवा गरी ३ जना, सुरक्षित आप्रवासन कार्यक्रम(सामी) अन्तर्गत ८ जना, सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत २ जना र समृद्धिका लागि वन परियोजना अन्तर्गत १ जना गरी जम्मा २४ जना कर्मचारीहरुको २०८० श्रावण १ गतेदेखि लागू हुने गरी २०८१ असार मसान्तसम्मको लागि करार अवधि थप गर्ने।

३.२ घोराही उपमहानगरपालिकाको स्वीकृत दरबन्दीको परिधिभित्र रहेका इन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारी २८ जना, नगर प्रहरी ५ जना श्रेणी विहीन कर्मचारी ७० जना (का.स. ४१ जना, सवारी चालक १५ जना) गरी जम्मा १०३ जना कर्मचारीहरुको मिति २०८० श्रावण १ गतेदेखि लागू हुने गरी ६(छ) महिनाका लागि करार अवधि थप गर्ने।

३.३ विगतदेखि यस घोराही उपमहानगरपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा साविकका गा.वि.स.हरुमा सामाजिक परिचालकको रुपमा नियुक्त भई हालसम्म निरन्तर सेवामा रहनुभएका अप्राविधिक तर्फका ३० जना साथै भूमि व्यवस्थापन सेवा इकाईमा कार्यरत ४ जना गरी जम्मा ३४ जना कर्मचारीहरुको हकमा दैनिक ज्यालादारीमा कामकाज लगाउने गरी निरन्तरता दिने।

३.४ घोराही उपमहानगरपालिकाका बर्थिङ सेन्टर संचालन भएका स्वास्थ्य संस्थामा विगतदेखि नै निरन्तर रुपमा कार्यरत ८ जना अ.न.मी. तथा अन्य स्वास्थ्य संस्थाहरु कार्यरत ३ जना ल्याब असिस्टेन्ट कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा खटाउने कार्यलाई निरन्तरता दिने।

३.५ यस घोराही उपमहानगरपालिकामा विभिन्न शाखा, वडा कार्यालय र स्वास्थ्य चौकीहरुको स्वीकृत दरवन्दीमा दैनिक ज्यालादारीमा कार्यरत ७ जना कर्मचारीहरुलाई कार्यालय सहयोगीमा मिति २०८० श्रावण १ गतेदेखि लागू हुने गरी छ महिनाको करार सम्झौता गरी कामकाजमा लगाउने।

३.६ सरसफाई व्यवस्थापन शाखा अन्तर्गत करार सेवामा कार्यरत सबै श्रेणी विहिन कर्मचारी (सवारी चालक, स्वीपर, चौकीदार, माली) तथा नगरको फोहोर व्यवस्थापन कार्यको लागि दैनिक ज्यालादारीमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको हालसम्मको कार्य सन्तोषजनक रहेकोले निजहरुलाई आ.व. २०८०/८१देखि करार सेवामा लिने भनि विपद वातावरण तथा सरसफाई समितिको २०७९।०८।२९ को निर्णयको निर्णय समेत भएकोले उहाँहरुलाई मिति २०८० श्रावण १ गतेदेखि लागू हुनेगरी छ महिनाको करार सम्झौता गरी कामकाजमा लगाउने।

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | राजु चौधरी | हलुवा सवारी चालक | सरसफाई शाखा<br>(हाल हेल्पर पदमा करार सेवामा कार्यरत) |
| २ | कुसुम चौधरी | भारी सवारी चालक | सरसफाई शाखा |
| ३ | पवन चौधरी | हेल्पर | सरसफाई शाखा |
| ४ | जुनी चौधरी | हेल्पर | सरसफाई शाखा |
| ५ | हरि कुमार चौधरी | हेल्पर | सरसफाई शाखा |
| ६ | पुष्पा बुढा | हेल्पर | सरसफाई शाखा |

३.७ घोराही उपमहानगरपालिकाको चाक्लीघाट गौशालामा कार्यरत गाई हेरालु ३ जना र वडा नं. १६ स्थित ल्याण्डफिल्ड साइटमा चौकीदार पदमा कार्यरत १ जना गरी जम्मा ४ जना कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने कार्यलाई निरन्तरता दिने।

३.८ दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई अन्य स्थायी तथा करार कर्मचारी सरह पोशाक भत्ता तथा सम्बन्धीत तहको एक महिनाको तलब बराबर चाडबाँड खर्च उपलब्ध गराउने ।

३.९ यसरी स्वीकृत दरबन्दीमा करार तथा दैनिक ज्यालादारीमा कार्यरत प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुको कामकाजलाई लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भएमा स्वतः करार तथा ज्यालादारीबाट हटनेगरी करार अवधी थप गर्ने।

३.१० यस कार्यालय वा अन्तरगत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारी प्रचलित कानून बमोजिम अवकासको उमेर पूरा गरिसकेका कर्मचारीहरु कार्यरत रहेको भएमा मिति २०८०।०४।०१देखि कामकाजमा नलगाउने।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको वडा नं. ५ स्थित धारापानी मन्दिर परिसरमा दाङको स्थानीय उत्पादनहरुको विकास तथा व्यवसाय प्रवर्द्धनका लागि निर्माण गरिएको कोसेली घर दाङको स्थानीय उत्पादन मात्र बिक्रि गर्नेगरी सञ्चालन तथा व्यवस्थापनको जिम्मा पाण्डवेश्वर मन्दिर व्यवस्थापन समितिलाई दिने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका वडा नं. १४ स्थित लखनपार्क (सौन्दर्य बत्ती तथा अन्य खर्च) व्यवस्थापनको लागि उक्त पार्कमा व्यवसायीक उद्देश्यले फोटो तथा भिडियो बनाउने व्यक्ति तथा संस्थाहरुलाई शुल्क लगाउने सम्बन्धमा पार्क व्यवस्थापन समितिलाई शुल्क निर्धारण गरी उठाउन अनुमति दिने।

**निर्णय नं. ६**

यस घोराही उपमहानगरपालिकामा फोहरमैला व्यवस्थापनका लागि स्थानीय विकास मन्त्रालयको च.नं. ८२२ मिति २०६१।११।१८ गतेको पत्रबाट हस्तान्तरण भई आएको रा.१ ग ११ नं.को Compactor मर्मतका लागि आवश्यक पार्ट बजारमा खोज्दा कहि कतै नपाइ हाल बिग्रिएरको अवस्थामा रहेको हुँदा उक्त Compactorमा रहेको Radiator तुलसीपुर उपमहानगरपालिकामा चालु हालतमा रहेको Compactor मा प्रयोगका लागि तुलसीपुर उपमहानगरपालिकाको च.नं. ६५२४ मिति २०८०।०३।२८ को पत्रबाट माग भई आएकोले उक्त Compactor नै तुलसीपुर उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने।